Nepal Republic Media
नेपालीको पहिलो आवाज

**Nepal Republic Media Limited**
JDA Complex, Bagh Durbar, Kathmandu
P.O. Box: 19300 | Ph: +977-1-5365100
Email: admin@nepalrepublicmedia.com

मिति २०८१/०९/०९

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरवार प्लाजा
काठमाडौं ।

**विषयः चौंथो बार्षिक साधारण सभाको बिवरण (माइन्यूट) सम्बन्धमा ।**

यस नेपाल रिपब्लिक मिडिया लिमिटेडको मिति २०८१ मंसिर १० गते सम्पन्न भएको कम्पनीको चौंथो **वार्षिक साधारण सभा**को बिवरण (माइन्यूट) तहाँको जानकारीकोलागि यसैसाथ संलग्न गरी पेश गरिएको ब्यहोरा अनुरोध छ ।

**मदन अयाल**
**कम्पनी सचिव**

# नेपाल रिपब्लिक मिडियाको
## चौँथो वार्षिक साधारण सभाको विवरण (माइन्यूट)
## आ.व. २०८०/०८१

१. **वैधानिक सभाः**

नेपाल रिपब्लिक मिडियाको मिति २०८१ साल कार्तिक १३ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा कम्पनीको प्रबन्ध-पत्र र नियमावली बमोजिम कम्पनीको चौँथो वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री बिनोद राज ज्ञवालीज्यूका अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समयः**

२.१ **स्थान** : काठमाडौं ब्याङ्क्वेट, थापागाउँ, काठमाडौं ।

२.२ **मितिः** *२०८१ साल मंसिर १० गते (तदनुसार २५ नोभेम्बर २०२४) ।*

२.३ **समय** : दिउँसो १०:३० बजे प्रारम्भ भई दिउँसो : १.१० बजे सम्पन्न भयो ।

३. **सभाको सूचना प्रकाशनः**

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुन विषयहरू सहितका विवरण खुलाई प्रथम पटक मिति २०८१ साल कार्तिक १४ गते बुधबारको "नागरिक" राष्ट्रिय दैनिक पत्रिकामा तथा दोस्रो पटक २०८१ मंसिर १ गते शनिवारको "नागरिक" राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

३.२ सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (सक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू प्रत्येक शेयरधनी महानुभावहरूको जानकारीका लागि जानकारी गराउँदै माग गरेबमोजिम ईमेल मार्फत समेत उपलब्ध हुनेगरि पठाइएको थियो ।

४. **सभाका विषय सूचीः**

क) **सामान्य प्रस्तावहरुः**

१) आ.व. २०८०/०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) **विविध ।**

५. उपस्थितिः

५.१ सञ्चालकहरूः

१. श्री विनोद राज ज्ञवाली — अध्यक्ष

२. श्री शोभा ज्ञवाली — संचालक

३. श्री प्रदीप मिश्र — संचालक

४. श्री रोमनाथ घिमिरे — स्वतन्त्र संचालक

५. श्री अन्जन कुमार दाहाल
शुभारम्भ होल्डिङस एण्ड डेभलोपर्स प्रा.लि.का प्रतिनिधि — संचालक

६. श्री मदन अर्याल — कम्पनी सचिव

५.२ शेयरधनीहरूको उपस्थितिः

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयर धनी संख्या | स्वयं उपस्थिति शेयरधनी संख्या | प्रतिनिधि पत्र मार्फत उपस्थिति शेयरधनी संख्या | जम्मा उपस्थिति शेयरधनी संख्या | उपस्थिति कुल शेयर संख्या | बाँडफाँड भएको शेयर सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| ९६७५०० | २०७०८३ | १८५ | १ | १८६ | ५३७०३३७ | ५५.०७% |

६. सभाका वैधानिकताः

६.१. चौंथो वार्षिक साधारण सभा शुरू हुनु अघि कम्पनीका कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन २०६३, कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम यो चौंथो वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली अनुरूप सभाका लागि आवश्यक गणपुरक संख्या माथि बुँदा नं. ५.२ मा उल्लेख भएबमोजिम पुगेको कुरा सभालाई जानकारी दिनुभयो ।

६.२. तत्पश्चात निर्धारित विषय-सूचीका क्रमानुसार कानून बमोजिम सभा अगाडि बढयो ।

७. सभाको अध्यक्षता र सभा सञ्चालनः

सभाका वैधानिकता पुरा भएपछि सभाका अध्यक्षता गर्नका लागि कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री बिनोद राज ज्ञवालीज्यूलाई यस

चौंथो वार्षिक साधारण सभाका अध्यक्षता गरिदिन हुन कम्पनी कम्पनी सचिवले आग्रह गर्नुहुँदा अध्यक्षज्यूले सभाका अध्यक्षता गर्नुभयो र अन्य संचालक तथा पदाधिकारीहरुलाई आशन ग्रहण गराउनु भयो ।

८. **सभाको संचालन तथा प्रतिवेदन प्रस्तुतिः**

कम्पनीको चौथो वार्षिक साधारण सभा संचालन गर्ने क्रममा अध्यक्षज्युले विषयसुची अनूसार संचालक समितिको आ.वा. २०८०/०८१ को वार्षिक प्रतिवेदन सभामा प्रस्तूत गर्नुभयो ।

८.१ सभाका काम कारवाहीलाइ अगाडि बढाउन क्रममा सञ्चालक समितिका अध्यक्ष श्री बिनोदराज ज्ञवालीज्यूले आफ्ना मन्तव्यका मुख्य मुख्य अंश पढेर सभा समक्ष पेश गर्नुभयो ।

८.२ अध्यक्षका मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको वार्षिक प्रतिवेदन, उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष श्री बिनोदराज ज्ञवालीज्यूले आव्हान गर्नुभयो ।

९. **छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरूः**

कम्पनीका अध्यक्षज्यूले पेश गर्नुभएको वार्षिक उपर छलफलका लागि अध्यक्षज्यूले आमन्त्रण गर्नु भएपनि सबै शेयरधनीहरुले धन्यवाद सहित प्रतिवेदन अनुमोदन गर्नुभयो ।

१०. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्यका संक्षिप्त विवरणः**

सभामा भौतिक रुपमा उपस्थित हुनु भएको शेयरधनीहरुले ध्वनिमत सहित सहमति जनाउनु भएको थियो भने निम्नबमोजिमका सर्वसाधारण शेयरधनीहरुले आ-आफ्नो भनाई राखि सभामा शुभकामना सहित प्रगतिको कामना गरि सन्देश दिनु भएको थियो ।

क) शेयरधनी श्री सत्रुधन श्रेष्ठ

न्युयार्क टाइम्स जस्तो विश्व प्रख्यात पत्रिकासँग सहकार्य गरि डिजिटल मिडियामा नयाँ आयाम थपिकोमा बधाई दिनुभएको थियो साथै समाजको लागि सशक्त आवाज भएर काम गरेको र यसलाई आगामी दिनमा पनि निरन्तरता दिन सुझाव दिनु भएको थियो ।

ख) शेयरधनी श्री डम्बर बल्लभ घिमिरेले लिखित रुपमा दिनु भएको मन्तव्य

लगानीकर्ताको मुख्य चाहाना आफ्नो लगानीको प्रतिफल भएको हुनाले यसलाई मध्य नजर गर्दै कम्पनीले आगामी वर्षको लक्ष्य र योजना सहित कम्पनीलाई दियो बनाइ लाभांस दिने छ भन्दै आफ्नो लिखित शुभकामना राख्नु भएका थियो ।

ग) शेयरधनी श्री नरसिंह लाल चखूँले लिखित रुपमा दिनु भएको मन्तव्य

वार्षिक प्रतिवेदन तथा आर्थिक विवरणको आधारमा कम्पनी सुधार र प्रगीतको बाटोमा गईरहेको हुदाँ आगामी दिनमा पनि कम्पनीले आफ्नो कमी कमजोरीलाई नियाल्दै त्यसलाई सच्याउँदै आफुलाई बलियो बनाएर अगाडी बढ्न सुझाव दिनु भएको थियो ।

घ) शेयरधनी श्री निरुपमा गुप्ता

गत वर्ष भन्दा यस वर्ष कम्पनीले आर्थिक सुधार गर्दै विभिन्न रुपमा भएका खर्चहरु पनि कटौती गर्दै प्रगति गरेकोमा खुशी व्यक्त गर्नुभएको थियो ।

ङ) शेयरधनी श्री गोविन्द के. सी.

पाठकको चाहाना अनुसारको काम गरिरहेको र यसलाई निरन्तरता दिनुहुन आग्रह गर्नु भएको थियो साथै कम्पनीले विश्वसनिता तथा पारदर्शीतामा बसेर काम गरेकोमा खुसी प्रकट गर्नु भएको थियो । उहाँले कर्मचारीहरुको लगि तालिम खर्च छुटाउनको लागि सुझाब समेत दिनुभएको थियो । कर्मचारीहरुको आत्मबल बढ्नेगरी कम्पनीले काम गर्नुपर्ने सुझाव समेत दिनुभयो ।

च) शेयरधनी श्री चन्द्रनारायण श्रेष्ठ

आगामी दिनका भावी योजनाका बारेमा प्रष्ट पारिदिनको लागि यस कम्पनीका अध्यक्षलाई अनुरोध गर्नु भएको थियो साथै अघिल्लो आर्थिक बर्षमा आफूले राखेका कुराहरु आफ्नै पत्रिकामा पढ्न र तस्बिर देख्न पाउँदा खुसी व्यक्त गर्नु भएको थियो ।

छ) शेयरधनी श्री ईन्द्रबहादुर लामिछाने

आर्थिक बर्षको छ महिना भित्र गर्नु पर्ने सांधारण सभा सो भन्दा अगाडि नै गरेकोमा बधाई दिदै अझ प्रभाबकारी पार्न पहिलो त्रैमासिक भित्र गर्नुहुन अनुरोध गर्नु भएको थियो । अहिलेको समय बिज्ञानको भएको हुनाले अझ बढि बिज्ञान र प्रबिधिमा रहेर काम गर्नको लागि सुझाब दिनु भएको थियो ।

ज) शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीले लिखित रुपमा दिनु भएको मन्तव्य

कम्पनीले भविष्यमा नाफा कमाएर शेयरधनीलाई लाभांश बाड्नु हुनेछ भन्ने अपेक्षा राखि लिखित रुपमा मन्तव्य सभा समक्ष राख्नु भएको थियो ।

झ) शेयरधनी श्री जगन्नाथ आचार्य

उहाँले कम्पनीको सम्पूर्ण वित्तिय विवरणहरुको बारेमा जानकारी दिदैं साधारण शेयर धनीहरुले पनि ग्रहकलाई आफ्नो कम्पनी मानेर आफ्नो ठाँउबाट मार्केटिङ तथा उच्च स्थानमा पुर्याउन मद्दत गर्नुहुन अनुरोध गर्नु भएको थियो ।

ञ) शेयरधनी श्री ब्रम्हदेव शाक्य

उहाँले आफू आबद्ध भएको कम्पनी यथार्यपूर्ण रहेकोमा खुसी व्यक्त गर्नु भएको थियो साथै अहिले गरेको कार्यहरु डिजिटल समय सापक्ष रहेको र सबै प्रतावहरुमा आफ्नो सहमती रहेको बताउनु भएको थियो ।

११. **सभाका अध्यक्षज्यूको जवाफः**

साधारण सभामा भागलिन आउनभएका शेयरधनीहरुलाई धन्यवाद दिनुहुँदै उहाँहरुलाई आफ्नो कम्पनी सम्झिएर कम्पनीमै आई सल्लाह सुझाब दिनुहुन अनुरोध गर्दै उहाँले शेयरधनीले गर्नु भएका प्रशंसा र दिएका रचनात्मक सुझावको लागि सञ्चालक समितिका तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो । साथै, शेयरधनीहरुको कम्पनी प्रतिको लगाव एवम समर्पणबाट नै कम्पनीले अझैं उत्कृष्ट नतिजा प्रस्तुत गर्न सहयोग पुग्ने र सोलाई मार्गदर्शनको रुपमा ग्रहण गर्ने बताउनुभयो । तपाईंहरुले हामीलाई बिश्वास गर्नुस् । हाम्रो उर्जावान टीमले पक्कै पनि कम्पनीका उद्देश्यहरु पुरा गर्नेछ भन्ने कुरामा बिश्वस्त हुन आग्रह गर्नुभयो ।

१२. **प्रबन्धक निर्देशकज्यूको जवाफः**

साधारण सभामा भागलिनु भएका शेयरधनीहरुको जिज्ञासाहरुको प्रतिउत्तर दिनुहुँदै उहाँले शेयरधनीले गर्नु भएका प्रशंसा र दिइएको सुझावको लागि कम्पनीको व्यवस्थापकीय टीमका

तर्फबाट धन्यवाद दिदै आगामी दिनमा यहाँले औल्याउन भएका कमी कमजोरीलाई सुधार्दै जाने र सभामा उठेका प्रश्नहरुको जवाफ दिदैं आगामी दिनहरुमा प्राप्त सुझाव अनुरुप कार्य गर्दै जाने समेत प्रतिबद्धता जनाउनु भयो ।

१३. **प्रस्ताव तथा निर्णयहरुः**

अध्यक्ष, संचालक तथा प्रबन्ध निर्देशकज्युहरुले छलफलमा उठेका केही जिज्ञासाहरुका जवाफ दिने क्रम सकिएपछि छलफलका विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार पारित गर्ने निर्णय भयो ।

**क) सामान्य प्रस्तावहरुको छलफल तथा निर्णयः**

**प्रस्ताव १): आ.व. २०८०/०८१ को साधारण सभामा प्रस्तुत हुने संचालक समितिका अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।**

**निर्णयः**

सञ्चालक समितिका तर्फबाट आर्थिक वर्ष २०८०/०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

**प्रस्ताव २): आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने सम्बन्धमा ।**

**निर्णयः**

आ.व. २०८०/०८१ को लेखापरीक्षक चार्टडएकाउन्टेन्ट फर्म यू एल एण्ड एसोसियट्स्, चार्टड एकाउण्टेण्ट्सको लेखा परीक्षण प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने सम्बन्धमा छलफल गर्दा आषाढ ३१, २०८१ मा समाप्त भएको गत आर्थिक वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८०/०८१ का नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाका अध्यक्षज्यूबाट सभा समक्ष प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

**प्रस्ताव ३): कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णयः**

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा संचालक समितिबाट सिफारिश भई आए बमोजिम यू एल एण्ड एसोसियट्स्, चार्टड एकाउण्टेण्ट्सलाई आ.व. २०८१/०८२ को लेखा परिक्षण गर्न सेवा शुल्क रू.२,५०,०००/- (दुई लाख पचास हजार) मूल्य अभिवृद्धि कर, बाह्यभत्ता, स्थानिय सुविधा र यातायात खर्च बाहेक लेखा परीक्षण शुल्कदिने गरि नियुक्त गर्न प्रस्ताव स्वीकृति/अनुमोदनका लागि यस सभा समक्ष पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

**प्रस्ताव ख): विविध**

**निर्णय:**

सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**ख.१) धन्यवाद ज्ञापन:**

छलफलको निमित्त राखिएका समान्य तथा विशेष प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले कम्पनीको उत्कृष्ट कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र चौंथो वार्षिक साधारण सभामा सहभागी हुनुभई सभा सुचारु रूपले सञ्चालन गर्न र सफलपार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनीहरूलाई, निजका प्रतिनिधिहरुलाई सम्पूर्ण शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**ख.२) सभा बिसर्जन:**

अन्तमा दिउँसो १२:३० बजे सभाका अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ......................... | ......................... |
| **बिनोदराज ज्ञवाली** | **मदन अर्याल** |
| **अध्यक्ष** | **कम्पनी सचिव** |